प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं २, जनकपुरधाम, धनुषा ।

फोन नं.:-

प.सं. /०७५/०७६
च.नं. ६५

मितिः- २०७५।१०।१०

**विषयः- विद्यार्थीलाई शिक्षण सिकाइका कार्य बाहेक अन्य कार्यमा नलगाउने ।**

श्री सवै विद्यालयहरु
प्रदेश नं २ ।

प्रस्तुत विषयमा विगतमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविकको शिक्षा विभाग) बाट विद्यालयको पठनपाठनमा बाधापुग्ने गरी विद्यालयको हाता भित्र कुनै पनि कार्यक्रम नगर्ने/नगराउने, विद्यार्थी तथा वालवालिकालाई अतिथिको स्वागतकोलागि लाइनमा नउभ्याउने, विद्यार्थीलाई सिक्नकोलागि बाहेक कुनै पनि कार्यमा प्रयोग नगर्ने भन्ने निर्देशन भएको तर यस प्रदेश नं. २ का कतिपय विद्यालयहरुमा अझै पनि अतिथिको सत्कारमा लाइनमा उभ्याउने, विभिन्न बहानामा विद्यालयको पठपाठन बन्द गर्ने, विद्यार्थीलाई प्रदर्शनीमा प्रयोग गर्ने जस्ता कार्य भइरहेको यस निर्देशनालयलाई जानकारी प्राप्त हुन आएकोले त्यस्ता कार्य तुरुन्त रोक्नको लागि पुनः पत्राचार गरिएको छ । अतः बालबालिकालाई शिक्षण सिकाइकोलागि गर्नु पर्ने क्रियाकलाप बाहेकका पठनपाठनमा क्षतिपुग्ने, वालवालिकालाई मानसिक र शारीरिक रुपमा असर पुऱ्याउने कुनै पनि कार्यमा नलगाउन हुन अनुरोध गरिन्छ ।

बोधार्थ

१. सामाजिक विकास मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम, धनुषा ।

२. सवै शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश नं. २,:- पत्र कार्यान्वयमा सहयोग गर्न ।

३. सवै पालिकाहरु, प्रदेश नं. २, :- पत्र कार्यान्वयनको लागि सहयोग गर्न ।

रमाकान्त शर्मा
२०७५।१०।१०
रमाकान्त शर्मा
निर्देशक
निर्देशक